# बढुवा फारम भर्ने सूचना

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न पदहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ बमोजिम कार्य क्षमता मूल्यांकन बढुवा गरी पूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम बढुवाको लागि सम्भाव्य कोषका स्थायी कर्मचारीहरुले बढुवाको दरखास्त फाराम भरी दरखास्त दिने अन्तिम मितिसम्ममा आफुले प्राप्त गरेको शैक्षिक योग्यता र हाल कार्यरत पदमा लिएको सेवाकालीन तालिमको प्रतिलिपि संलग्न राखी सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र मानव संसाधन व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| विज्ञापन नं | तह | बढुवा गर्नु पर्ने पद | सेवा | पद संख्या | आवश्यक न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| १/०८०/८१ | दशौं | मुख्य प्रबन्धक | प्रशासन | १ | २०८० आषाढ मसान्तसम्म नवौं तहको वरिष्ठ प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| २/०८०/८१ | नवौं | वरिष्ठ प्रबन्धक | प्रशासन | ३ | २०८० आषाढ मसान्तसम्म आठौं तहको प्रबन्धक (प्र.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ३/०८०/८१ | आठौं | प्रबन्धक | प्रशासन | ५ | २०८० आषाढ मसान्तसम्म सातौं तहको उप प्रबन्धक (प्र.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ४/०८०/८१ | आठौं | प्रबन्धक (सुचना प्रविधि) | प्राविधिक | १ | २०८० आषाढ मसान्तसम्म सातौं तहको उप प्रबन्धक (सूचना प्रविधि) (प्रा.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ५/०८०/८१ | सातौं | उप प्रबन्धक | प्रशासन | ८ | २०८० आषाढ मसान्तसम्म छैठौं तहको सहायक प्रबन्धक (प्र.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवाअवधि पूरा गरेको। |
| ६/०८०/८१ | सातौं | उप प्रबन्धक (कानून) | प्रशासन | १ | २०८० आषाढ मसान्तसम्म छैठौं तहको सहायक प्रबन्धक (प्र.) कानून पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ७/०८०/८१ | सातौं | उप प्रबन्धक (सुचना प्रविधि) | प्राविधिक | १ | २०८० आषाढ मसान्तसम्म छैठौं तहको सहायक प्रबन्धक (प्रा.) सिष्टम/कम्प्युटर इन्जिनियर पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ८/०८०/८१ | छैठौं | सहायक प्रबन्धक | प्रशासन | ७ | २०८० आषाढ मसान्तसम्म पाँचौं तहको प्रमुख सहायक (प्र.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |
| ९/०८०/८१ | पाँचौं | प्रमुख सहायक | प्रशासन | १३ | २०८० आषाढ मसान्तसम्म चौंथो तहको सहायक (प्र.) पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवाशर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको। |

मितिः २०८०/११/११

सदस्य सचिव
पदपूर्ति समिति
**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर।

# आन्तरिक प्रतियोगितात्मक परीक्षाको फारम भर्ने सूचना

लोक सेवा आयोगको सहमति अनुसार यस कोषमा रिक्त रहेका निम्न पदहरु कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ अनुसार आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा गरी पूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका कोषका स्थायी कर्मचारीहरुले दरखास्त फारम भरी सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र मानव संसाधन व्यवस्थापन विभाग, पुल्चोक, ललितपुरमा पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| विज्ञापन नं | तह | बढुवा गर्नु पर्ने पद | सेवा | पद संख्या | आवश्यक न्यूनतम सेवा अवधि |
|---|---|---|---|---|---|
| १०/८०/८१ | दशौं | मुख्य प्रबन्धक | प्रशासन | १ | दरखास्त दिने अन्तिम मितिसम्म नवौं तहको वरिष्ठ प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| ११/८०/८१ | नवौं | वरिष्ठ प्रबन्धक | प्रशासन | १ | दरखास्त दिने अन्तिम मितिसम्म आठौं तहको प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष,कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १२/८०/८१ | आठौं | प्रबन्धक | प्रशासन | १ | दरखास्त दिने अन्तिम मितिसम्म सातौं तहको उप प्रबन्धक पदमा कर्मचारी सञ्चयकोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १३/८०/८१ | सातौं | उप प्रबन्धक | प्रशासन | ३ | दरखास्त दिने अन्तिम मितिसम्म छैठौं तहको सहायक प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १४/८०/८१ | सातौं | उप प्रबन्धक (सुचना प्रविधि) | प्राविधिक | १ | दरखास्त दिने अन्तिम मितिसम्म छैठौं तहको सहायक प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १५/८०/८१ | सातौं | उप प्रबन्धक (सिभिल इन्जिनियर ) | प्राविधिक | १ | दरखास्त दिने अन्तिम मितिसम्म छैठौं तहको सहायक प्रबन्धक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १६/८०/८१ | छैठौं | सहायक प्रबन्धक | प्रशासन | ४ | दरखास्त दिने अन्तिम मितिसम्म पाँचौं तहको प्रमुख सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |
| १७/८०/८१ | पाँचौं | प्रमुख सहायक | प्रशासन | ६ | दरखास्त दिने अन्तिम मितिसम्म चौंथो तहको सहायक पदमा कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३४ अनुरुपको सेवा अवधि पूरा गरेको । |

पुनश्चः (१) कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली,२०७८ को नियम ३६ बमोजिम बढुवा हुने पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता भएका सबै सेवा समूहका एक तह मुनिका कर्मचारी आन्तरिक प्रतियोगितात्मक परीक्षाका लागि दरखास्त दिन योग्य हुनेछन ।

(२) उक्त पदहरुको लिखित परीक्षा सञ्चालन लोक सेवा आयोगबाट हुनेछ ।

मितिः २०८०/११/११

सदस्य सचिव
पदपूर्ति समिति
**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर ।

# कर्मचारी सञ्चय कोष
पुल्चोक, ललितपुर

## आवश्यकता सम्बन्धी सूचना

(गोरखापत्रमा प्रकाशित मिति : २०८०/११/११)

यस कोषमा रिक्त रहेका निम्न पदहरू लोक सेवा आयोगको सहमतिअनुसार खुला प्रतियोगिताद्वारा स्थायी पूर्ति गर्नुपर्ने भएकाले योग्य नेपाली नागरिकहरूबाट मिति २०८०/११/११ गतेदेखि **Online** दरखास्त आह्वान गरिएको छ। तोकिएको योग्यता पुगेका इच्छुक आवेदकले सूचनामा तोकिएबमोजिमको प्रक्रिया पूरा गरी **Online** दरखास्त फारम भर्नु पर्नेछ। झुट्टा विवरण उल्लेख गरी **Online** फारम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयम् हुनु पर्नेछ। म्यादभित्र दाखिला नभएको र रीत नपुगी भरिएका दरखास्तहरू उपर कुनै कारबाही हुने छैन।

| विज्ञापन नं. | तह | पद | सेवा/समूह | खुला र समावेशी | पद संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|
| १८/०८०/८१ | नवौं | वरिष्ठ प्रबन्धक | प्रशासन/प्रशासन | महिला | १ | रु.१,३०० (एक हजार तीन सय) |
| १९/०८०/८१ | आठौं | प्रबन्धक | प्रशासन/प्रशासन | आदिवासी जनजाति | १ | प्रत्येक विज्ञापन पदका लागि रु.१,१००।-(एक हजार एक सय) र थप समावेशी समूहका लागि थप दस्तुर रु. ५००/- (पाँच सय) बुझाउनु पर्नेछ। |
| २०/०८०/८१ | सातौं | उप प्रबन्धक | प्रशासन/प्रशासन | खुला | १ | |
| २१/०८०/८१ | छैठौं | सहायक प्रबन्धक | प्रशासन/प्रशासन | खुला | ७ | |
| २२/०८०/८१ | | | | महिला | २ | |
| २३/०८०/८१ | | | | आदिवासी जनजाति | २ | |
| २४/०८०/८१ | | | | मधेशी | १ | |
| २५/०८०/८१ | छैठौं | सहायक प्रबन्धक (कानुन) | प्रशासन/कानुन | खुला | १ | |
| २६/०८०/८१ | छैठौं | सहायक प्रबन्धक (सिस्टम) | प्राविधिक/ सूचना प्रविधि | महिला | १ | |
| २७/०८०/८१ | पाँचौं | प्रमुख सहायक | प्रशासन/ प्रशासन | खुला | ८ | प्रत्येक विज्ञापन पदका लागि रु.६००/- (छ सय) र थप समावेशी समूहका लागि थप दस्तुर रु.३००/- (तीन सय) बुझाउनु पर्नेछ। |
| २८/०८०/८१ | | | | महिला | २ | |
| २९/०८०/८१ | | | | आदिवासी जनजाति | २ | |
| ३०/०८०/८१ | | | | मधेशी | १ | |

**विज्ञापनसम्बन्धी विशेष सूचना** : कोषको आ.व. २०८०/८१ को पदपूर्ति गर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट रिट नम्बर ०७८-WO-०६६० समेतको उत्प्रेषणसम्बन्धी निवेदनमा मिति २०७९/१०/२४ मा भएको परमादेशको आदेशबमोजिम कानुनी व्यवस्था भएपश्चात् सोही अनुसार पदपूर्ति गरिनेछ।

(क) **परीक्षाको किसिम** : प्रमुख सहायक पदमा लिखित, कम्प्युटर सीप परीक्षण तथा अन्तर्वार्ता र अन्य सबै पदहरूमा लिखित तथा अन्तर्वार्ता हुने।

(ख) **आवश्यक न्यूनतम शैक्षिक योग्यता**

१. वरिष्ठ प्रबन्धक (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर उत्तीर्ण वा मानविकी संकायअन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ७ वर्ष कार्य गरेको अनुभव हासिल गरेको।

२. प्रबन्धक (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर उत्तीर्ण वा मानविकी संकायअन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको।

३. उपप्रबन्धक (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकायअन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण गरेको र कुनै सरकारी सेवा वा प्रचलित कानुनबमोजिम स्थापित भएको संगठित संस्थामा अधिकृतस्तरको पदमा ५ वर्ष कार्य गरेको अनुभव हासिल गरेको।

४. सहायक प्रबन्धक (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा मानविकी संकायअन्तर्गत अर्थशास्त्र विषयमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको।

५. सहायक प्रबन्धक (कानुन) (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कानुन वियषमा स्नातकोत्तर वा सो सरह उपाधि प्राप्त गरेको।

६. सहायक प्रबन्धक (सिस्टम) (प्रा.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विज्ञान वा सूचना प्रविधि वा कम्प्युटर इन्जिनियरिङ विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको।

७. प्रमुख सहायक (प्र.) पदका लागि : मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा मानविकी संकायअन्तर्गत अर्थशास्त्र विषयमा स्नातक वा सो सरह उपाधि प्राप्त गरेको।

(ग) **स्थायी वा अस्थायी** : स्थायी।

(घ) **निवृत्तभरण** : कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली,२०७८ बमोजिम योगदानमा आधारित निवृत्तभरण पाउने।

(ङ) **उमेरको हद** :

१. पाँचौं तह वा सो भन्दा मुनिको तहमा दरखास्त दिने अन्तिम मितिसम्ममा अठार वर्ष उमेर पूरा भई पैंतीस वर्ष ननाघेको। तर महिला र अपाङ्गको हकमा चालीस वर्ष ननाघेको।

२. छैठौं तहको पदमा एक्काइस वर्ष पूरा भई पैंतीस वर्ष ननाघेको। तर महिला र अपाङ्गको हकमा चालीस वर्ष ननाघेको।

३. कार्य अनुभव चाहिने सातौं तह वा सो भन्दा माथिका तहमा दरखास्त दिने अन्तिम मितिसम्ममा एक्काइस वर्ष उमेर पूरा भई पैंतालीस वर्ष ननाघेको।

४. वहालवाला कोषका स्थायी कर्मचारीको हकमा उमेरको हद लाग्ने छैन।

(च) **परीक्षणकाल** : कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम ३२ को व्यवस्थाअनुरुप हुनेछ।

(छ) **तलब स्केल र अन्य सुविधा** : कोषको प्रचलित नियमानुसार हुनेछ।

(ज) प्रत्येक सेवाअन्तर्गत खुला र समावेशी प्रतियोगिताका आधारमा लिइने परीक्षाहरू संयुक्त रूपमा एकै पटक एकै सिटिङ्गमा हुनेछ।

(झ) **दरखास्त फारम र दरखास्त दस्तुर बुझाउने प्रक्रिया** : अनलाइनबाट दरखास्त फारम भर्न कर्मचारी सञ्चय कोषको Website: www.epf.org.np को Careers भित्र गई Online Application वा सोझै https://vacancy.epf.org.np बाट भर्न सकिनेछ। अनलाईन दरखास्त फारम submit गरेपछि प्राप्त हुने Application Number अनुरुप बुझाउनु पर्ने दरखास्त दस्तुर Connect IPS, e–Sewa वा Khalti मार्फत बुझाउन सकिनेछ। कोषको अनलाईन दरखास्त फारम भर्दा कुनै द्विविधा भएमा यस कोषको **टेलिफोन नं ०१-५०१०१३२ र ०१-५०१०१७२** मा सम्पर्क गरी वा कोषको **e–mail: career@epf.org.np** मार्फत बुझ्न सकिनेछ।

(ञ) उम्मेदवारले आफूले पेश गर्ने आवश्यक शैक्षिक प्रमाणपत्रहरू तोकिएको न्यूनतम योग्यताको एक प्रति मात्र upload गरे पुग्नेछ। सेवारत कर्मचारीले आफू सेवारत निकाय/संस्थाको विभागीय स्वीकृति पेश गर्नुपर्नेछ। झुट्टा विवरण उल्लेख गरी Online फारम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनु पर्नेछ।

(ट) **दरखास्त दस्तुर** : यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सूचनामा तोकिएबमोजिमको दरखास्त दस्तुर Connect IPS, e–Sewa वा Khalti मार्फत बुझाउनु पर्नेछ। यो सूचना प्रकाशन भएको २१ दिनपश्चात् थप ७ दिनसम्म दोब्बर दस्तुर तिरी दरखास्त बुझाउन सकिनेछ। दरखास्त अस्वीकृत भएका फारमहरूको दरखास्त दस्तुर फिर्ता हुनेछैन।

(ठ) सम्पर्क तथा परीक्षा हुने मिति पछि प्रकाशित गरिनेछ।

(ड) कोषमा लागू रहेको कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम २७ बमोजिम प्रतीक्षा सूचीको व्यवस्था रहनेछ।

(ढ) **समकक्षता निर्धारण प्रमाणपत्र** : उपर्युक्त पदहरूमा दरखास्त दिने उम्मेदवारले नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको Scan Copy अनिवार्य रुपमा Upload गर्नुपर्नेछ। साथै पेश भएका शैक्षिक योग्यताका प्रमाणपत्रहरूको जिम्मेवारी उम्मेदवार स्वयंले लिनुपर्नेछ।

(ण) कोषको स्थायी सेवामा प्रवेश गरेका कर्मचारीको हकमा आवश्यक न्यूनतम शैक्षिक योग्यता कर्मचारी सञ्चय कोष, कर्मचारी सेवा शर्त नियमावली, २०७८ को नियम १३ को व्यवस्थाअनुरुप हुनेछ।

(त) **कार्य गर्नुपर्ने क्षेत्र** : सहायक प्रबन्धक (कानुन) र सहायक प्रबन्धक (सिस्टम) पदले काठमाडौं उपत्यकास्थित कार्यालय तथा अन्य पदहरूले काठमाडौं उपत्यका बाहिरका शाखा कार्यालय तथा सेवा केन्द्रहरू।

(थ) **कार्य अनुभव** : अधिकृतस्तरको पदको नियुक्ति पत्र वा करारनामा र सेवा अवधि प्रमाणित भएको पत्र संलग्न हुनुपर्ने।

(द) अनलाइनमार्फत प्राप्त आवेदनहरू स्वीकृत/अस्वीकृत गर्ने अधिकार कोषलाई हुनेछ।

(ध) उक्त पदहरूको लिखित परीक्षा लोक सेवा आयोगबाट सञ्चालन हुनेछ।

**समावेशी समूहका विज्ञापनमा दरखास्त दिने उम्मेदवारहरूका लागि विशेष निर्देशन** : समावेशी समूहतर्फका पदहरूमा दरखास्त दिन चाहने उम्मेदवाहरूले दरखास्त दिने समयमा देहायअनुसारका कागजातहरू तयार गरी दरखास्त दिनुपर्नेछ। लिखित परीक्षाको नतिजाबाट अन्तर्वार्ताका लागि छनौट भएपछि अन्तर्वार्ता दिन आउँदा त्यस्ता कागजातहरूको सक्कल सहित आफैले प्रमाणित गरेको नक्कल प्रति समेत साथमा लिई आउनुपर्नेछ। उल्लिखित कागजातहरू दरखास्त दिने समयमा कायम रहेको नपाईएमा जुनसुकै बखत दरखास्त रद्द हुन सक्नेछ।

(क) **आदिवासी/जनजातिका हकमा** : नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर नेपाल आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

(ख) **मधेसीका हकमा** : नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनी प्रमाणित गरेको कागजात, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट मधेसी भनी प्रमाणित गराएको कागजात।

(ग) **दलितका हकमा** : राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर, राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित स्थानीय तहको प्रमुखको सिफारिशमा प्रमुख जिल्ला अधिकारीबाट सूचीकृत भएको जातिभित्रको थर भनी प्रमाणित गराएको कागजात।

(घ) **अपाङ्गका हकमा** : समाज कल्याण परिषद्द्वारा जारी भएको अपाङ्गता परिचयपत्र वा अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४ को उपदफा (३) बमोजिम अपाङ्गताको बर्गीकरण उल्लेख गरी सम्बन्धित स्थानीय तहबाट जारी भएको अपाङ्गता परिचयपत्र।

(ङ) **पिछडिएको क्षेत्रका हकमा** : अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु र हुम्ला जिल्लामा स्थायी बसोवास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित स्थानीय तहबाट हाल सोही स्थानमा स्थायी बसोवास भएको भनी प्रमाणित गरेको कागजात दरखास्त फारम भर्ने दिनभन्दा ३ महिना अगाडीसम्मको सिफारिशको आधारमा विवाह तथा बसाईंसराईं गरी गएको भएमा विवाहको हकमा विवाह दर्ता प्रमाण पत्र र बसाईंसराईंको हकमा छाडेको र गएको स्थानिय तहको बसाईंसराईं गरेको खुल्ने कागजात।

**कर्मचारी सञ्चय कोष**
पुल्चोक, ललितपुर, फोन नं. ०१-५०१०१३२